श्री

राजस्व न्यायाधिकरण काठमाडौं

**इजलास**

माननीय अध्यक्ष श्री किशोर सिलवाल

लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं

**फैसला**

२०७६/०७७ सालको निर्णय नं. ८५

पुनरावेदन नं. ०७४-RB-०१४७

कल मोबिलिटी प्रा.ली. पुतलीसडक, काठमाण्डौ (स्थायी लेखा नं. ३०२६०२०३८) को तर्फबाट अधिकार प्राप्त अध्यक्ष संचालक अशोक कुमार अग्रवाल................१ } पुनरावेदक

**विरुद्ध**

**श्री ठूला करदाता कार्यालय काठमाण्डौ**.....................................................१ } प्रत्यर्थी

आन्तरिक राजस्व विभाग, काठमाण्डौ........................................................१

**मुद्दा :मूल्य अभिवृद्धि कर(०७३/०७४)।**

शुरु निर्णय गर्ने कार्यालय : ठुला करदाता कार्यालय, हरिहर भवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी : श्री गंगाराम गेलाल

शुरु निर्णय मिति :२०७४।०८।२५

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री सीताराम अग्रवाल

: विद्वान अधिवक्ता श्री विकास अग्रवाल

प्रत्यर्थीको तर्फबाट : विद्वान उप-न्यायाधीवक्ता श्री शम्भुकुमार बस्नेत

ठूला करदाता कार्यालय, ललितपुरबाट भएको मिति २०७४।०८।२५ को निर्णय उपर ६० दिनभित्र निर्णय नभएको आधार सहित मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क(५), ३२ तथा राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भै सुनुवाईको लागी पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ ।

## मुद्दाको तथ्य

१. हुवावे मोवाइल ब्राण्डको मोवाईल फोन सेटको आयात तथा स्थानीय खरिद र स्थानिय बिक्री गर्ने करदाता श्री कल मोविलिटी प्रा.लि. पुतलीसडक, काठमाण्डौंको आ.व. २०७३/०७४ को २०७३ श्रावण देखि २०७४ असार मसान्त कर अवधिको मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धि परीक्षण सम्पन्न भई पेश भएको प्रतिवेदनको आधारमा मूल्यअभिवृद्धि कर ऐन,२०५२ को दफा २०(१) बमोजिम मूल्य अभिवृद्धि कर निर्धारण गर्नको लागि मूल्यअभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम कर तथा जरिवाना समेत गणना गरि जम्मा रकम रू. ४९,७५,४३०।– को प्रारम्भिक कर निर्धारण आदेश मिति २०७४।०७।२१ मा जारी भई १५ दिनको म्याद दिई आन्तरिक राजस्व कार्यालय, ललितपुर बाट भएको प्रारम्भिक कर निर्धारण आदेश ।

२. कर निर्धारण आदेश जारी गर्ने आधार लिइएका यस कम्पनीले २०७३ श्रावण देखि २०७४ असार सम्म आयत गरिएका **HUAWEI-S७२१-S७२१-U-T१, TAB७"१६GB, S८TI८", T१TAB१०", M२-८०१L** आदि ट्यावलेट आयात गरि खरिद मूल्य रु.७६५४५०७४।– को मू.अ.कर रु.९९५०८६०।- को ४० प्रतिशत रकम रु.३९८०३४४।४० फिर्ता दावी सम्बन्धमा **HUAWEI** ब्राण्डको आकार र **DISPLAY** अरु सामान्य सेलुलर मोवाइल सेट भन्दा केही ठूलो भएको कारणले ट्यावलेट नामाकरण मात्र गरिएको हो सेलुलर मोवाइल फोनमा हुने सबै विशेषताहरु उक्त मोवाइल फोनमा भएको कारणले उक्त फोनहरु सेल्युलर मोवाइल नै हुन्। मिति २०७२ मंसिर २० गते (६**th December** २०१५) नेपाल दुरसन्चार प्राधिकरणले च.नं. ८२२-२१०१ बाट जारी गरेको **Type Approval Certificate** मा समेत **TAB ७" ८GB (**मोडेल नं. **T१-७०lu)** लाई **Mobile Handset** हो भनेर प्रमाणित गरी सोही आधारमा प्रत्येक **HUAWEI** ब्राण्डका यी ट्यावलेटहरुको **IMEI** नम्बरहरुलाई **No Objection Certificate** लिई भन्सार कार्यालयबाट छुटाइएको हुँदा यी ट्यावलेटहरु सेल्युलर मोवाइल फोन सेट नै भएको हुँदा पत्रमा उल्लेख भए बमोजिम कर निर्धारण हुनुपर्ने अवस्था होइन भन्ने समेत व्यहोराको करदाता कल मोविलिटी प्रा.लि.को तर्फबाट ठूला करदाता कार्यालय,ललितपुरमा पेश भएको जवाफ ।

३. यस कार्यालयको प्रारम्भिक कर निर्धारण आदेश एवं करदाताले पेश गरेको लिखित जवाफको छानविन तथा विश्लेषण गर्दा मिति २०७२ मंसिर २० गते (**6th December** २०१५) नेपाल दुरसन्चार प्राधिकरणले च.नं. ८२२-२१०१ बाट जारी गरेको **Type Approval Certificate** मा समेत **TAB 7" 8GB (**मोडेल नं. **T1-70lu)** लाई **Mobile Handset** हो भनेर प्रमाणित गरेको भएतापनि उक्त ट्यावलेट सेट सेलुलर मोवाइल फोन नै हो भनी उक्त निकायबाट जारी भएको **Type Approval Certificate** मा उल्लेख भएको नदेखिएकाले उक्त ट्यावलेट सेट सेलुलर मोवाइल फोन नै हो भनी एकीन साथ भन्न नसकिने हुँदा मू.अ.कर तर्फ प्रारम्भिक कर निर्धारण

आदेशमा कुनै संशोधन गर्नुनपर्ने ठहरी ठुला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०८।२५ मा भएको निर्णय ।

४. मिति २०७३ श्रावण देखि २०७४ असार सम्म आयत गरिएका **HUAWEI-S७२१-S७२१-U-T१, TAB७"१६GB, S८TI८", T१TAB१०", M२-८०१L** आदि ट्यावलेट आयात गरि खरिद मूल्य रु.७,६५,४५,०७४।– को मू.अ.कर रु.९९,५०,८६०।- को ४० प्रतिशत रकम रु.३९,८०,३४४।४० फिर्ता दावी सम्बन्धमा **HUAWEI** ब्राण्डको आकार र **DISPLAY** अरु सामान्य सेलुलर मोवाइल सेट भन्दा केही ठूलो भएको कारणले ट्यावलेट नामाकरण मात्र गरिएको हो सेलुलर मोवाइल फोनमा हुने सबै विशेषताहरु उक्त मोवाइल फोनमा भएको कारणले उक्त फोनहरु सेल्युलर मोवाइल नै हुन् । मिति २०७२ मंसिर २० गते (**6th December** २०१५) नेपाल दुरसन्चार प्राधिकरणले च.नं. ८२२-२१०१ बाट जारी गरेको **Type Approval Certificate** मा समेत **TAB 7" 8GB** (मोडेल नं. **T1-70lu**) लाई **Mobile Handset** हो भनेर प्रमाणित गरी सोही आधारमा प्रत्येक **HUAWEI** ब्राण्डका यी ट्यावलेटहरुको **IMEI** नम्बरहरुलाई **No Objection Certificate** लिई भन्सार कार्यालयबाट छुटाइएको हुँदा यी ट्यावलेटहरु सेल्युलर मोवाइल फोन सेट नै भएको हुँदा मु.अ.कर ऐन, २०५२ को दफा २०(१) यहा आकर्षित नहुने हुँदा विपक्षी कार्यालयको अन्तिम कर निर्धारणको निर्णय कानून प्रतिकुल भएकोले उल्टी गरी न्याय पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक कल मोविलिटी प्रा.लि. का तर्फबाट यस न्यायाधिकरणमा मिति २०७५।०१।२५ मा पेश भएको पुनरावेदन पत्र ।

५. यसमा मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७५/०५/२५ मा भएको आदेश।

६. यसमा पुनरावेदकले प्रशासकिय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा मिति २०७४/१०/०७ मा निवेदन दिएको भनी उल्लेख गरेको देखिँदा सो निवेदन उपर कुनै निर्णय भए, नभएको बारे बिभागमा बुझी निर्णय भएको भए निर्णय सहितको मिसिल र निर्णय नभएको भए सोही बेहोराको जानकारी पठाईदिनु भनी लेखी पठाउनु साथै प्राप्त शुरु मिसिलमा पुनरावेदन जिकिरको आ.व. २०७३/०७४ को मूल्य अभिवृद्धि करतर्फको मिति २०७४/०८/२५ को अन्तरिम कर निर्धारण निर्णय संलग्न रहेको नदेखिँदा उक्त मितिको निर्णय पर्चा सहितको मिसिल ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट झिकाई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधीकरणबाट मिति २०७५/०८/१२ मा भएको आदेश।

७. यसमा **HUAWEI-S721-U-TI, TAB 7" 8GB, TAB 7" 16GB,S8TI 8", TITAB 10" M2-80IL** ट्याबलेटहरु सेलुलर मोबाईल फोन हो, होईनन्? सो ट्याबलेटहरु कल मोबोलिटी प्रा.ली. ले २०७३ श्रावण देखि २०७४ असारसम्म आयात गर्न **No Objection Letter** र **Type**

**Approval Certificate** लिएका छन्, छैनन्? दुर संचार प्राधिकरणबाट जावाफ माग गरी प्राप्त भएपछि नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधीकरणबाट मिति २०७६/०३/१९ मा भएको आदेश।

## ठहर खण्ड

८. नियमबमोजिम पेशी सुचीमा चढी ईजलास पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक कल मोबोलिटी प्रा.ली.का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताद्वय श्री सीताराम अग्रवाल र श्री विकास अग्रवालले फोन वा ट्याबलेट के हो भन्ने कुरा यिनका **Specified Features** बाट मात्र छुटयाउन सकिने हुन्छ, मोबाईल फोनमा **Call, SMS** लगायतका बिशेषताहरु हुन्छ तर ट्याबलेटमा हुदैन, करदाताले आयात गरेको बस्तुको आकार अन्य सेलुलर फोन सेट भन्दा केही ठूलो देखिएको कारणबाट मात्र ट्याबलेट नामाकरण गरिएको हो। यी आयातित बस्तुहरुको आकार ठूलो भएतापनि यसको कार्य प्रकृति सेलुलर फोन झै हुने हुँदा यी बस्तुहरु सेल्युलर मोबाईल फोन भएको हो। नेपाल दुरसञ्चार प्राधिकरणबाट जारी भएको **Type Approval Certificate** साथै भन्सार कार्यालय समेतबाट उक्त आयातित बस्तुहरु लाई **No Objection Certificate** लिई छुटयाईएको अवस्था रहँदा रहँदै ठूला करदाता कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश तथा निर्णयहरु त्रुटिपूर्ण रहेको हुँदा उक्त निर्णय बदर गरी करदाताले कानून बमोजिम प्राप्त गर्नुपर्ने मू.अ.करको ४० प्रतिशतले हुने रकम समेत फिर्ता दिलाई पाउँ भनी तथा प्रत्यर्थीका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उप-न्यायाधीवक्ता श्री शम्भुकुमार बस्नेतले करदाताले खरिद गरेको बस्तुको प्रकृति तथा आकारबाट उक्त बस्तु ट्याबलेट नै रहेको प्रमाणित भएको, उक्त आयातित ट्याबलेटमा **SIM** लाग्ने विशेषता मात्र थप भएको परिप्रेक्षमा ठूला करदाता कार्यालयबाट भएको निर्णय कानूनसम्मत रहेको हुँदा उक्त शुरु निर्णय नै सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

९. उपरोक्त बमोजिम बहस सुनी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय, हरिहरभवनबाट मू.अ.कर फिर्ता निर्धारणका सम्बन्धमा मिति २०७४।०८।२५ मा भएको निर्णय बमोजिम पुनरावेदक करदाताले आयात गरेको **HUAWEI** ब्राण्डका बिभिन्न मोडेलका मोबाईल सेटहरु **TABLET** हुन् वा करदाताले दावी जिकिर लिए बमोजिम मोबाईल सेट हुन् तथा करदाताले दावी गरेको ४०% अन्तशुल्क फिर्ता पाउने हो वा होईन भन्ने विषयमा केन्द्रित भै निर्णय दिनुपर्ने देखियो।

१०. अब निर्णयतर्फ विचार गर्दा, यसमा ठूला करदाता कार्यालयबाट पुनरावेदक कल मोबोलिटी प्रा.ली. को मू.अ.कर ०७३/०७४ को सन्दर्भमा मिति २०७४/०८/२५ मा भएको निर्णय बमोजिम मू.अ.कर रु. ३९,८०,३४४/- र जरिवाना रु. ९,९५,०८५/- समेत जम्मा रु. ४९,७५,४३०/- निर्धारण गरी भएको अन्तिम कर निर्धारण आदेश उपर चित्त नबुझाई

पुनरावेदकले यस न्यायाधीकरण समक्ष प्रस्तुत पुनरावेदन दायर गरेको देखिन्छ। कर निर्धारण आदेश गर्दा ठूला करदाता कार्यालयले पुनरावेदकले खरिद गरी ल्याएको बस्तु सेल्युलर मोबाईल फोन नभई ट्याबलेट नै भएको हुँदा खरिद मूल्यको मू.अ.करको ४० प्रतिशतले हुने रकम फिर्ता दावी समेत अमान्य हुने गरी गरेको गरेको अन्तिम कर निर्धारणको निर्णय त्रुटिपूर्ण रहेको हुँदा सो निर्णय बदर गरी मू.अ.कर फिर्ता समेत गराई पाउँ भन्ने नै करदाताको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ।

११. पुनरावेदकको पुनरावेदन जिकिर हेर्दा मुख्यतः शुरु ठूला करदाता कार्यालयले पुनरावेदक करदाताले खरिद गरी ल्याएको हुवावे ब्राण्डका बिभिन्न सामाग्रीहरु सेल्युलर मोबाईल फोन नभई ट्याबलेट भएको कारणबाट करदाताले माग गरेको मू.अ.कर फिर्ता दावी समेत अमान्य हुने गरी गरेको कर निर्धारण आदेशका सम्बन्धमा विचार गर्दा करदाता कल मोबोलिटी प्रा.लि.ले कर निर्धारण आदेशका क्रममा उक्त कम्पनीले २०७३ श्रावणदेखि २०७४ असार सम्म HUAWEI-S721-U-TI, TAB 7" 8GB, TAB 7"16GB, S8TI 8", TITAB10"M2-80IL आदि सेलुलर मोबाईल आयात गरी खरिद मूल्य रु.७,६५,४५,०७४/ को मू.अ.करको ४० प्रतिशत रकम रु. ३९,८०,३३४/४० फिर्ता दावी गरेको देखिन्छ। करदाताले खरिद गरेको उल्लेखित बस्तुहरु सेलुलर मोबाईल फोन नभई ट्याबलेट भएको कारणबाट करदाताको माग बमोजिम नहुने गरी मू.अ.करका सन्दर्भमा थप ९,९५,०८६/- जरिवाना समेत गरी जम्मा रु. ४९,७५,४३०/- निर्धारण गर्ने गरी ठूला करदाता कार्यालयबाट निर्णय भएको देखिन्छ।

१२. पुनरावेदकले आफूले खरिद गरेको बस्तु ट्याबलेट नभई सेलुलर मोबाईल भएको भनी लिएको जिकिरका सम्बन्धमा विचार गर्दा मिसिल संलग्न नेपाल दुरसञ्चार प्राधिकरणबाट मिति 6th Dec.2015 मा जारी भएको च.नं. ८२२-२१०१ को Type Approval Certificate मा उल्लेख भएको पत्र बेहोरा बमोजिम करदाता कम्पनीले खरिद गरेको HUAWEI ब्राण्डका बिभिन्न मोडेलहरुलाई Mobile Handset भनि प्रमाणित गरेको देखिन्छ। साथै उक्त प्राधिकरणको ईन्जिनियरिङ्ग शाखाबाट प्रेषित च.नं.१३२९ मिति २०७३/०५/१५ को पत्र समेतबाट उक्त HUAWEI ब्राण्डका बिभिन्न मोडेलका IMEI नम्बरहरुलाई समेत No Objection Certificate दिएको देखिन्छ। त्यसैगरी पुनरावेदकका तर्फबाट बहस पैरवी गर्ने विद्वान अधिवक्ताले बहसका क्रममा ईजलास समक्ष पेश गर्नुभएको च.नं. २८००, मिति २०७६/०९/१७ को नेपाल दुरसञ्चार प्राधिकरण, उपकरण स्तरीकरण शाखाको पत्रमा उल्लेख भएको बिभिन्न मोडेलहरुका करदाता कम्पनीले खरिद गरेको सामाग्रीहरुका प्रकार, नाम, साईज, जे जस्तो भएतापनि उक्त उपकरणमा सिमकार्ड प्रयोग हुने र मोबाईल फोनको बिशेषता जस्तै Call, Messaging आदि हुने भन्ने उल्लेख भएको बेहोराबाट समेत पुनरावेदकले जिकिर लिए बमोजिम करदाता कल मोबोलिटी प्रा.ली.ले खरिद गरेको उपकरणहरु ट्याबलेट नभई सेल्युलर मोबाईल नै रहेको देखिन आयो।

१३. यसरी एकातिर दुरसञ्चार प्राधिकरणले नै No Objection Certificate जारी गर्ने र अर्कोतिर प्रत्यर्थी ठूला करदाता कार्यालयले गरेको निर्णयमा मिति २०७२/०८/२० मा जारी गरेको Type Approval Certificate मा पुनरावेदकले आयात गरेको विभिन्न मोडेलका सामानलाई Mobile Handset हो भनी प्रमाणित गरेको भएतापनि उक्त ट्याबलेट सेलुलर मोबाईल नै हो भनि किटानी तबरमा उल्लेख गर्न नसकेको देखिएकोले उक्त ट्याबलेट सेट सेलुलर मोबाईल सेट नै हो भनी एकिन साथ भन्न नसकिने भनी उल्लेख भएको देखिन्छ। पुनरावेदक करदाताले आफूले ल्याएको बस्तु सेलुलर मोवाईल नै हो भनी किटानीसाथ कर छुट फिर्ता माग गरेपछि त्यो वस्तु करदाताले दावी गरे अनुसार होईन भनि प्रमाण पुर्याउने भार सम्बन्धित कर कार्यालयको हो। जसको जुन विशेषता छ भनी मानी Type Approval Certificate जारी गर्ने जिम्मेवारी दुरसञ्चार प्राधिकरणलाई दिईएको छ सो निकायले नै आयातित मालबस्तु मोवाईल सेट हो र त्यस्तो सेटमा सिम लाग्छ भनीसकेपछि कर निर्धारण गर्ने निकायले यो वस्तु यही हो भनी एकिनसाथ भन्न नसकेको तर्क र आधार दिई आफ्नो निर्णयमा बोल्दछ भने त्यस्तो बिरोधाभासपूर्ण तवरमा गरिएको ब्याख्याबाट करदातालाई कर निर्धारण गरी जरिवाना समेत ठोक्ने कार्य बिधिसम्मत मान्न मिल्दैन। कर, कानूनद्वारा मात्र लगाउनु पर्दछ, अनुमानको भरमा करदाता उपर करको दायित्व बहन गर्नुपर्ने गरी निर्णय गर्न नमिल्ने राजस्व न्यायको मूलभूत मान्यता हो। प्रस्तुत विवादमा ठूला करदाता कार्यालयले आयातित बस्तु यही हो भनी एकिनताका साथ भन्न नसकिने भनी पुनरावेदक करदाता उपर कानूनमा व्यवस्था भए बमोजिमको ४०% मूल्य अभिवृद्धि कर फिर्ता दिन नमिल्ने भनी गरेको निर्णय अन्दाज, अनुमान र अड्कलकै आधारमा गरेको देखियो। अतएवः प्रत्यर्थीका तर्फबाट उपस्थित हुनुभएका बिद्वान उप-न्यायाधीवक्ताले बहसका क्रममा करदाताले खरिद गरेको बस्तु सेल्युलर मोबाईल फोन नभई ट्याबलेट भएको साथै उक्त ट्याबलेटमा SIM CARD राख्न मिल्ने विशेषता मात्र थप गरिएको हुँदा शुरु निर्णय कानूनसम्मत रहेको भनि लिनुभएको जिकिरसँग सहमत हुन नसकिएकोले करदाताले पुनरावेदनमा लिएको जिकिर बमोजिम हुने गरी मू.अ.कर को ४० प्रतिशतले हुने रकम समेत फिर्ता पाउने मागदावीलाई अन्यथा भन्न मिल्ने देखिएन।

१४. अत माथि विवेचित तथ्य एवं कारण समेतको आधारमा स्थायी लेखा नं. ३०२६०२०३८ भएका पुनरावेदक करदाता कल मोबोलिटी प्रा.लि. पुतलीसडक आ.व. ०७३/०७४ को मूल्य अभिवृद्धि कर फिर्ता निर्धारण सम्बन्धमा ठूला करदाता कार्यालयबाट मिति २०७४/०८/२५ मा भएको निर्णय मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ। अरु तपसील बमोजिम गर्नू।

<u>तपसील</u>

माथी ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक करदाता कल मोबिलिटी प्रा.लि.को आ.व. ०७३/०७४ को मूल्य अभिवृद्धि कर फिर्ता निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालयबाट मिति २०७४/०८/२५ मा भएको निर्णय मिलेको नदेखिँदा उल्टी हुने ठहरेकोले पुनरावेदकले

पुनरावेदन गर्दा धरौटी राखेको रकमबाट एकिन हिसाब गरी पुनरावेदक करदातालाई सो हदसम्मको रकम फिर्ता दिनु वा अर्को बर्षको तिर्नुपर्ने कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठाईदिनु-----------------------------------------------------------१

फैसलाको प्रतिलिपी बिशेष सरकारी वकिलको कार्यालयलाई दिनु----------------------------२

सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु------------------------------------------------------------------------------------३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु-----------------------------------------------४

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नेः-शाखा अधिकृत प्रमोद रिजाल

इति सम्वत् २०७६ साल पौष महिना २२ गते रोज ३ शुभम् ................................................